# दलित समुदायमा धुम्रपानको स्थिति, कारण र प्रभाव

**(पोखरा महानगरपालिका वडा नं. ३३ को दलित समुदायको एक अध्ययन)**

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजीक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको द्वितीय वर्षको

आवश्यकता पुरा गर्ने प्रयोजनका लागी प्रस्तुत

## शोध पत्र


**शोधार्थी**

नारायण प्रसाद आचार्य

रोल नं.: १५४/०६८

परिक्षा रोल नं. :४८०३५८

त्रि.वि.दर्ता नं.: १२६६६-९५

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजिकशास्त्र संकाय

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वी नारायण क्याम्पस


पोखरा, २०७५

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र तथा ग्रामिण विकास विभागद्धारा स्नातकोत्तर तह द्धितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि **"दलित समुदायमा धुम्रपानको स्थिति कारण र प्रभाव"** शिर्षकको शोधपत्र श्री नारायण प्रसाद आचार्यले मेरो प्रत्यक्ष निर्देशन एवं सुपरीवेक्षेणमा रही तयार गर्नु भएकोले यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................
शिव वहादुर थापा
उप-प्राध्यापक
(शोध निर्देशक)
समाजशास्त्र तथा ग्रामिण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०७५/१२/१७

# स्वीकृती पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र तथा ग्रामीण विकास विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको आवस्यकता पुरा गर्नको लागि शोधार्थी छात्र नारायण प्रसाद आचार्य द्वारा तयार पारिएको **दलित समुदायमा धुम्रपानको स्थिति, कारण र प्रभाव** शिर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिवाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.................................

उप प्रा. शिव वहादुर थापा

शोध निर्देशक

.......................

तेज प्रसाद सुवेदी

बाह्य परीक्षक

.....................................

प्रा.डा.विश्वकल्याण पराजुली

विभागीय प्रमुख

# कृतज्ञताज्ञापन

पस्तुत् “दलित समुदायमा धुमपानको स्थिति, कारण र प्रभाव” शिर्षकको शोधपत्रको प्रस्तावना कार्यदेखि नै आफ्नो अमुल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने समाजशास्त्र तथा ग्रामिण विकास विभाग पृथ्वीनारायण क्याम्पस पोखराका उप-प्रध्यापक शिव वहादुर थापा प्रति हृदय देखि नै हार्दीक आभार प्रकट गर्दछु ।

शोधपत्र तयारीको क्रममा समय समयमा विभिन्न सल्लाह तथा सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख श्री विश्वकल्याण पराजुली, समाजशास्त्र विषयका उप-प्रध्यापकहरू डा. श्री शुक्रराज अधिकारी र रामचन्द्र वराल प्रति हार्दीक कृतज्ञता व्यक्त गर्दछु ।

शोध अध्ययनका क्रममा आवश्यक सूचनाहरू उपलव्ध गराई सहयोग पु¥याउनु हुने पोखरा महानगर पालिका वडा नं. ३३ का वडाध्यक्ष, सदस्य एवं कर्मचारी, तथा वैयक्तिक साथै पारिवारीक विवरण उपलव्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण दलित समुदाय प्रति हृदय देखिनै धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई मूर्त रूप दिन कम्प्यूटर टंकन गरी सहयोग पु¥याउनु हुने मेरा प्रीय भाई रविन्द्र क्षेत्री प्रति हार्दीक धन्यवाद व्यक्त गर्दछु ।

**नारायण प्रसाद आचार्य**
**शोधकर्ता**

# शोधसार

प्रस्तुत् अध्ययन साविकको भरतपोखरी गाउँ विकास समिति तथा वर्तमान पोखरा महानगरपालिका वडा न. ३३ लाई अध्ययन क्षेत्र वनाई दलित समुदायमा धुमपानको स्थिति, कारण र प्रभाव शिर्षकमा गरिएको शोधपत्रका उद्देयहरू धुमपान प्रतिको धारणा पत्ता लगाउनु, अवस्थाको पहिचान गर्नु,  कारणहरूको पहिचान गर्नु तथा असरहरू पत्ता लगाउनु रहेका थिए । यस अध्ययनको क्रममा पोखरा महानगरपालिका वडा न. ३३ भित्र पर्ने सम्पूर्ण दलित घरधुरी संख्या ५३८ मध्ये २० प्रतिशत सामान्य सम्भावनायुक्त नमूना छनोट विधिद्धारा कुल १०८ घर छनौट गरिएको थियो । तथ्याङ्क संकलन कार्य अवलोकन प्रश्नावलि तथा समुह छलफललाई प्रयोगमा ल्याइएको थियो । उक्त छनौटमा परेका १०८ घरमुली मध्ये ७९ जनाले धुमपान गर्ने गरेको पाइएकोले तिनिहरू कै आधारमा शैक्षिक, आर्थिक, जातीगत, उमेरगत तथा धुमपान संवन्धी धारणाहरूको वारेमा प्राप्त तथ्याङ्कलाई नै आधार मानी अध्ययन कार्य सम्पन्न गरियो ।

यस शोधकार्यको सन्दर्भ साहित्यको रूपमा टाल्कट पार्सनको प्रकार्यवादी सिद्धान्तलाई आधार मानिएको थियो । धुमपान सुर्तीजन्य पदार्थलाई आगोले वालेर श्वाशप्रश्वाश क्रिया सँगै धुवा तान्ने प्रक्रिया हो । जसका कारण सामाजिक, साँस्कृतिक, आर्थिक वातावरणीय तथा मानव स्वास्थ्यमा समेत ज्यादै ठूलो नकरात्मक असर पार्दछ । परिणाम स्वरूप मानव केन्द्रिय स्नायु प्रणालीमा प्रतक्ष्य प्रभाव पारीमानविय क्रियाकलापहरूलाई नै शिथिल वनाउँछ । पोखरा महानगरपालिका वडा नं. ३३ का दलित समुदायहरूले वर्तमान अवस्थामा पनि विभिन्न चाड्पर्व, मेला उत्सव, भोज भतेर आदिमा पनि धुमपानलाई अतिथी सत्कारको रूपमा नै लिने गरेको  पाइन्छ । जसका कारण किशोर किशोरी तथा युवा युवतीले देखासिकी गरी मनोरञ्जनको रूपमा धुमपनलाई अँगाल्ने हुँदा क्रमिक रूपमा धुमपानको प्रयोग गर्ने कार्यको हस्तान्तरण हुँदै आएको देखिन्छ ।

धुमपानले वर्तमान अवस्थामा विश्व कै सवै मुलुकहरूमा जुनसुकै जाती, धर्म, वर्ग, पेशा, लिङ्ग, उमेर समुदाय आदिमा सहज रूपमा नै प्रवेश गरी निरन्तरता पाएको पाइन्छ । यस अधययनको क्रममा दलित समुदायका पनि सवै जाती, वर्ग, पेशा, लिङ्ग, उमेर, धर्म तथा शैक्षिक अवस्थामा रहेका मानिसहरू धुमपान तर्फ आकर्षीत भएको पाइयो । धुमपान गर्नको लागि अधिकांस साथी संगती वाट प्रभावित भएको पाइयो भने धुमपान गर्ने स्थानको

हिसावले धेरै महिलाहरू एकान्तमा एक्लै वसेर धुमपान गर्ने तथा पुरुषहरू साथी समुहमा नै गरेको पाइयो । धुमपान गर्ने कुरा परिवारको घरमुलिको वारेमा सवै सदस्यहरूलाई थाहा हुने तर घरमुलिले भने परिवारका सवै सदस्यको वारेमा थाहा नहुने गरेको पाइयो । यसैगरि धुमपानमा ठुलो धनराशि खर्च हुने गरेको साथै त्यसवाट विभिन्न स्वास्थ्य समस्या सृजना भई सो समस्या समाधानमा समेत धेरै नै रकम खर्च भएको देखियो । धुमपान वाट विभिन्न क्षेत्रमा असर पुग्ने तथा ज्यानै जान सक्ने कुरा थाहा भएर पनि यसको सेवनलाई निरन्तरता दिएको पाईयो ।

प्राप्त तथ्याङ्क अनुसार यस क्षेत्रका दलित जातीहरूमा ३६.४२ प्रतिशत कामी, ३४.१८ प्रतिशत र २९.४ प्रतिशत दमाई रहेका छन् । लिङ्गगत आधारमा ६२.०२ प्रतिशत पुरुष र ३७.९८ प्रतिशत महिलाले धुमपान गर्ने गरेका छन् भने उमेरगत हिसावले सवैभन्दा वढी धुमपान शुरु गर्ने उमेर १६ देखि २५ वर्ष रहेको पाइन्छ, जसमा ५३.१६ प्रतिशतले सुरु गरेका छन् । धुमपान गर्ने मध्ये निरक्षरको संख्या सवैभन्दा वढी ५८.२२ प्रतिशत र साक्षर तथा उच्च शिक्षा प्राप्त गर्नेको संख्या ४१.७८ प्रतिशत रहेको छ । त्यसैगरि पेशाको आधारमा मजदुर ५४.४३ प्रतिशत, कृषी गर्ने ३४.१८ प्रतिशत र जागिर ११.३९ प्रतिशत रहेका छन् । धुमपान शुरु गर्नुका कारणहरूमा ४६.८४ प्रतिशत साथी संगती, २९.११ प्रतिशत पिर चिन्ता, १२.६६ विज्ञापन र ११.३९ प्रतिशत घरमुलीको प्रभाव रहेको पाइयो । धुमपान गर्ने स्थानको अध्ययन गर्दा एकान्तमा वसेर गर्ने २८ प्रतिशत, साथी संगती सँग २६ प्रतिशत परिवार संगै वसेर १८ प्रतिशत र जुनसुकै स्थानमा वसेर पनि गर्नेको संख्या ७ प्रतिशत रहेको छ । धुमपान कुलत हो भन्ने वुझेर छोड्न चाहनेको संख्या ४१.८ प्रतिशत र छोड्न नचाहनेको संख्या ५८.२ प्रतिशत रहेको छ । धुमपानले आर्थिक प्रभाव पार्दछ भन्नेको संख्या ५१.९ प्रतिशत, सामाजिक प्रभावमा २२.७८ प्रतिशत, साँस्कृतिक प्रभावमा १९ प्रतिशत र वातावरणीय प्रभाव परेको वताउनेको संख्या ६.२२ प्रतिशत रहेको छ ।

फिल्टर नभएको चुरोट प्रयोग गर्नेको संख्या ७०.८९ प्रतिशत, फिल्टर भएको चुरोट प्रयोग गर्नेको संख्या २१.५१ प्रतिशत र कक्कड प्रयोग गर्नेको संख्या ७.६ प्रतिशत रहेको छ । धुमपानबाट उत्पन्न स्वास्थ्य समस्याहरूमा खोकी लाग्ने २५.३१ प्रतिशत, छाती दुख्ने ११.३९ प्रतिशत, रिंगटा लाग्ने ६.३३ प्रतिशत, दम वढ्ने ६.३३ प्रतिशत र कुनै पनि असर गरेको छैन् भन्नेको संख्या ५०.६२ देखिएता पनि उनिहरूले असुर गर्छ पनि भन्ने खान पनि नछोड्ने भएकाले भन्न अप्ठ्यारो महशुस गरेको पाइयो ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञताज्ञापन | | III |
| विषय सूची | | IV |
| तालिका सूची | | VI |
| चित्रसूची | | VI |
| संक्षिप्त रूप | | VII |
| शोधसार | | VIII |
| **अध्याय एकः** | **परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ७ |
| १.४ | अध्ययनको महत्व | ८ |
| १.५ | मुख्य शब्दावलीको परिभाषा | ९ |
| १.६ | अध्ययनको सीमा | ९ |
| १.७ | अध्ययनको संगठन | १० |
| **अध्याय दुई :** | **पूर्व साहित्यको समिक्षा** | **११-२३** |
| २.१ | सन्दर्भ साहित्यको समिक्षा | ११ |
| २.२ | पूर्व साहित्यको समालोचना | १७ |
| **अध्याय तीनः** | **अनुसन्धान विधि** | **२५-२९** |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | २५ |
| ३.२ | अनुसन्धान ढाँचा | २५ |
| ३.३ | अध्ययनको जनसंख्या | २५ |
| ३.४ | नमुना छनोट | २६ |
| ३.५ | विश्वसनियता | २६ |
| ३.६ | तथ्याङ्क संकलन विधि | २६ |

३.७ घटक वा चरको छनोट २७

३.८ परिक्षणको सञ्चालन २८

३.९ तथ्याङ्क विश्लेषण प्रकिया २८

३.१० अवधारणगत ढाँचा २८

**अध्याय चारः तथ्याङ्कको व्याख्या तथा विश्लेषण ३०-४५**

४.१ दलित समुदायमा धुमपानको स्थिति ३०

४.२ धुमपान गर्नुका कारणहरू र यसका प्रभावहरू ४२

**अध्याय पाँच : सारांश र निष्कर्ष ४६-४८**

५.१ सारांश ४६

५.२ निष्कर्ष ४६

*सन्दर्भ सामग्रीहरू*

*अनुसूचीहरू*

अनुसूची १ अन्तरवार्ता अनुसूची

अनुसूची २ उत्तरदाताको नाम

अनुसूची ३ समुह छलफल सूची

अनुसूची ४ समुह छलफलमा सहभागी उत्तरदाताको नामावली

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | दलित जातिमा धुमपान प्रतिको धारणा | ३१ |
| ४.२ | उत्तरदाताहरूको जातिगत आधारमा धुमपानको स्थिति | ३२ |
| ४.३ | लिङ्गगत आधारमा धुमपानको स्थिति | ३३ |
| ४.४ | धुमपान शुरु गरेको उमेरको आधारमा धुमपानको स्थिति | ३४ |
| ४.५ | शैक्षिक अवस्था अनुसारको धुमपानको स्थिति | ३५ |
| ४.६ | धुमपान गरिने स्थानहरू | ३७ |
| ४.७ | धुमपानलाई निरन्तरता दिन चाहने वा नचाहनेको स्थिति | ३८ |
| ४.८ | धुमपानमा हुने दैनिक खर्चको अवस्था | ४० |
| ४.९ | वस्तुजन्य प्रयोगका आधारमा जातिगत धुमपानको स्थिति | ४१ |
| ४.१० | धुमपान शुरु गर्नुको मुख्य कारणहरू | ४२ |
| ४.११ | धुमपानले पार्ने प्रभावहरू | ४४ |
| ४.१२ | धुमपानबाट मानव स्वास्थ्यमा परेका असरहरू | ४५ |

| चित्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | पेशाका आधारमा धुमपानको स्थिति | २६ |

# संक्षिप्त रूप

| | | |
|---|---|---|
| BBC | : | British Broadcasting Corporation |
| UNDP | : | United Nations Development Programme |
| AGIL | : | Adaptation Goal Achievement Integration Latency and pattern maintenance |